आ.व. २०७५/०७६ को १८ औं बैठक

आज मिति **२०७५ साल फागुण २७ गते सोमवार बेलुका ५ : ०० बजे** राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष **श्री नुमानन्द सुवेदीज्यू**को अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।

सदस्य-सचिव श्री जगतप्रसाद भुसाल, राप्ती गाउँ कार्यपालिका ।

**आमन्त्रित**

१- श्री नारायण राउत स्वास्थ्य संयोजक

२. श्री गिरीधारी प्रसाद पन्त, ना.सु.

३. श्री रेशम राज अधिकारी स.ले.पा.

**प्रस्तावहरु :**

१. जिल्ला बचत तथा ऋण सहकारी संघ लि.ले माग गरेको आर्थिक सहयोग सम्वन्धमा ।

२. बुढीचौर टोल विकास संस्थाले माग गरेको विद्युत पोल सम्वन्धमा ।

३. मधेस मानव अधिकार गृह (माहुरी होम) को परियोजना सञ्चालन अनुमति सम्वन्धमा ।

४. ढुङ्गा गिट्टी बालुवाको ठेक्का सम्वन्धमा ।

५. खुल्ला विश्व विद्यालय र प्रादेशिक अनुसन्धान केन्द्रको लागि जग्गा उपलब्ध गराउने सम्वन्धमा ।

६. विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका,२०७५ स्वीकृत गर्ने सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल गर्दा जिल्ला बचत तथा ऋण सहकारी संस्था लिमिटेडले विभिन्न सहकारी संस्थाहरु सँग गर्न लागेको अन्तरक्रिया कार्यक्रमको लागि आर्थिक सहयोग उपलब्ध गराई दिनुहुन भनी अनुरोध गरेकाले उक्त सहकारी संस्थालाई विविध खर्च शिर्षकबाट रु १५,०००।- (पन्ध्र हजार रुपैयाँ) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा राप्ती गाउँपालिका वडा नं.-४ मा रहेको बुढीचौर टोल विकास संस्थालाई ११ मिटरको १ थान विद्युत पोल उपलब्ध गराई दिनुहुन भनी ४ नं.वडा कार्यालयबाट सिफारिस भई आए अनुसार उक्त टोल विकास संस्थालाई ११ मिटरको १ थान (एक) विद्युत पोल उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा मधेश मानव अधिकार गृह (माहुरी होम) तौलिहवा, कपिलवस्तुले यस राप्ती गाउँपालिका क्षेत्र भित्र आफ्नो संस्थाको कार्यक्रमहरु सञ्चालन गर्नको लागि अनुमति माग गरेकोले उक्त संस्थालाई गाउँपालिका र वडाहरु सँग समन्वय गर्ने गरी कार्यक्रम सञ्चालन अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं.४ माथी छलफल गर्दा स्थानीयवासीको गुनासोको आधारमा २०७५।११।१७ गतेको अध्यक्ष स्तरको निर्णय अनुसार स्थगित नदिजन्य पदार्थको उत्खनन कार्यलाई गुनासो प्राप्त स्थान कठाहा बगरबाट उत्खनन् गरी निकासी गर्ने कार्य हाललाई स्थगन गर्ने, ठेक्का नं.- १ र २ का अन्य स्थानहरुको उत्खनन् कार्य ठेक्का संझौता बमोजिम सुचारु गर्ने, वडाहरुले उत्खनन कार्यको सघन रुपमा प्रभावकारी अनुगमनको व्यवस्था मिलाउने । स्थानीय बिकास निर्माण कार्यहरु तथा स्थानीय उपभोक्ताहरुको मागको सम्वोधन तथा कार्य सहजताको लागि घाटगद्दी सम्वन्धि प्रावधान संशोधनको लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश नं.-५ बुटवलमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस राप्ती गाउँपालिका वडा नं.-४ मा अवस्थित श्री मा.वि.मौरीघाटको विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार खुल्ला विश्वविद्यालय र प्रादेशिक अनुसन्धान केन्द्रको लागि आवश्यक जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा राप्ती गाउँपालिका विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ दफावार छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।